# फेटा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फेटा, बारा
प्रदेश नं. २, नेपाल

पत्र संख्याः - २०७६/०७७
चलानी नं. ११६५

मितिः २०७६।१२।१७

बिषय :-निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री वडा अध्यक्षय ज्यू, (सबै)
फेटा गाउँपालिका

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको च.नं.१८८७६ मिति २०७६।१२।१६ को पत्रानुसार मिति २०७६।१२।१६ गते प्रमुख जिल्ला अधिकारी अध्यक्षतामा बसेको कोभिड-१९ सँग सम्बन्धित कमाण्ड पोष्टको बैठककोले तपसिल अनुसारको निर्णय गरेकोले सो निर्णय कार्यान्वयन गरी २ (दुई) दिन भित्र जानकारी गराउन हुन अनुरोध छ ।

तपसिल

१. जिल्लाका प्रत्येक स्थानीय तहहरुले मिति २०७६ चैत्र ४ गते वा सो भन्दा पछि बिदेशबाट आएर आफ्नो वडा क्षेत्रहरुमा बस्दै आएका नयाँ मानिसहरु सम्बन्धित यसै पत्र साथ संलग्न अनुरुपको विवरण संकलन गरेर आगामी २ (दुई) दिन भित्र उपलब्ध गराउने ।
२. जिल्ला प्रत्येक वडा कार्यालयले आफ्नो क्षेत्रमा बसोबास गर्ने प्रत्येक २५ घर परिवारको क्लष्टर निर्माण गरी परिवारका सबै सदस्यहरुको विवरण अध्यावधिक गर्ने, खाद्यान्न उपलव्धता यकिन गर्ने र अभाव श्रृजना भएका विपन्न परिवारहरुलाई आवश्यक खाद्य सामग्रीहरु स्थानीयस्तरमा नै उपलब्ध गराउन सम्बन्धित वडाका वडा अध्यक्ष सहितका जनप्रतिनिधिहरुले कार्य गर्ने र सोको सम्वन्य तथा श्रोत परिचालन सम्बन्धित गाउँपालिका/नगरपालिकाले गर्ने ।

२०७६।१२।१७

प्राण मेहता
प्रमुख प्रशासकीय अधिकृत